# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ संख्याः १७ प्रकाशित मितिः २०७५/१२/१८

## भाग-२

## महानन्द स्मृति छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७५

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिका
# महानन्द स्मृति छात्रवृत्ति कोष सञ्चालन कार्यविधि,२०७५

कार्यपालिकाबाट स्वीकृत मिति: २०७५/१२/१३

**प्रस्तावना:** रोङ गाउँपालिकामा उच्च प्राविधिक जनशक्तिको अभाव रहेको अवस्थालाई मध्यनजर गर्दै उक्त अभाव परिपूर्ति गर्न प्राविधिक जनशक्ति उत्पादनका लागि प्रोत्साहन गर्ने गाउँपालिकाको नीति अनुरुप गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE/SLC) उत्तीर्ण गरी प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरु र हरेक वर्ष माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट जिपिए (GPA) प्राप्त गर्ने विद्यार्थीलाई छात्रवृत्ति लगायतका शैक्षिक कार्यक्रम सन्चालन गर्न वाञ्छनीय भएकोले रोङ गाउँपालिकाले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ: क. यस कार्यविधिको नाम "महानन्द स्मृति छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७५" रहनेछ । कोषको कार्यालय रोङ गाउँपालिकामा रहनेछ ।**

   क. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. यो कोष अविछिन्न रुपमा निरन्तर संचालन हुने स्थायी कोषको रुपमा रहनेछ ।

३. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

   क. “अध्यक्ष” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको अध्यक्षलाई जनाउनेछ ।

   ख. “कार्यविधि” भन्नाले “महानन्द स्मृति छात्रवृत्ति कोष सञ्चालन कार्यविधि,२०७५” सम्झनु पर्छ ।

   ग. “कोष” भन्नाले यस कार्यविधि बमोजिम स्थापना हुने कोष भन्ने सम्झनु पर्छ ।

   घ. “पदाधिकारी” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिका पदाधिकारीलाई जनाउँछ ।

   ङ. "प्राविधिक शिक्षा" भन्नाले कृषि, पशु र वन विज्ञान, फार्मेसी, एम बि बि एस, इञ्जिनियरिङ (अमिन तथा सर्भेयर, कम्प्युटर, सिभिल) शिक्षालाई जनाउँछ ।

   च. “विद्यार्थी” भन्नाले रोङ गाउँपालिकामा स्थायी बसोबास भई सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE/SLC) उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनरत बिद्यार्थीहरुलाई जनाउनेछ ।

   छ. “सचिव” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको सदस्य सचिवलाई जनाउँछ ।

   ज. “सदस्य” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको सदस्यलाई जनाउनेछ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

   झ. “समिति” भन्नाले यस कार्यविधिको दफा ६ वमोजिम गठित महानन्द स्मृति छात्रवृत्ति व्यवस्थापन समितिलाई जनाउनेछ ।

४. **कोषको चिन्ह र छाप: प्रचलित कानूनको प्रतिकूल नहुने गरी छात्रवृत्ति कोषवाट सम्पादन हुने औपचारिक प्रयोजनका लागि रोङ गाउँपालिकाको छाप प्रयोग हुनेछ । समितिले आवश्यकता अनुसार छात्रवृत्ति प्रयोजनमा उपयोग हुने कुनै छुट्टै संकेत चिन्ह प्रयोगमा ल्याउन सक्नेछ ।**

५. **कोषको उद्धेश्य: कोषको उद्धेश्य देहाय वमोजिम रहेको छ ।**

   क. गाउँपालिका क्षेत्रमा आवश्यक पर्ने प्राविधिक जनशक्तिको उत्पादनमा सहयोग पुर्याउने ।

   ख. माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण भएका बालबालिकाहरुलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहित गर्ने ।

   ग. भाषाशास्त्री महानन्द सापकोटाको योगदानलाई चिरस्थायी बनाउन सहयोग गर्ने ।

   घ. रोङ गाउँपालिकामा रहेका स्थानीय मातृभाषाको संरक्षण र सम्वर्द्धन गर्ने ।

## परिच्छेद-दुई
## समिति सम्बन्धी व्यवस्था

६. **समितिको गठनः** कोषको सञ्चालनका लागि देहायका पदाधिकारीहरु रहने गरी व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| ख गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ख. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग. सामाजिक विकास बिषयगत समितिका संयोजक | -सदस्य |
| ङ शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा | - सदस्य-सचिव |

समितिको बैठकमा महानन्द स्मृति प्रतिष्ठानको प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ।

७. **बैठकः समितिको वैठक आवश्यकता अनुसार बस्नेछ। अध्यक्षको परामर्शमा सदस्य सचिवले समितिको वैठक वोलाउनेछ। बैठकको गणपुरक सङ्ख्या एकाउन्न प्रतिशत हुनेछ। एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति नभई समितिको वैठक वस्ने छैन। समितिको वैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैडकको अध्यक्षता गर्नेछ।**

८. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क. कोषमा प्रत्येक वर्ष गाउँपालिका, विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त बजेट अनुदान, चन्दा, दान तथा अन्य आम्दानी जम्मा गर्ने।

ख. छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौटका विभिन्न आधारहरु तयार गर्ने।

ग. छात्रवृत्ति कोषवाट लक्षित समूहका वढी भन्दा वढी विद्यार्थीहरुले सहुलियत पाउने गरी नीति तयार गर्ने।

घ. प्रत्येक वर्ष माध्यमिक शिक्षा परीक्षामा सर्वोत्कृष्ट ग्रेड हासिल गर्ने एकजना विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने।

ङ. प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने।

च. विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति रकमको उपयोग भए नभएको अनुगमन गर्ने।

छ. छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीले अध्ययन पूरा गरी सकेपछि रोङ गाउँपालिका क्षेत्रमा नै रहेर कम्तीमा एकवर्ष सेवा पुर्याउनु पर्ने गरी करार सम्झोता गराउने।

ज. छात्रवृत्ति उपलब्ध गराउँदा कोषमा रहेको रकमलाइ मध्यनजर गरी प्रति विद्यार्थी बढीमा पचास हजार रुपैयाँसम्म 'महानन्द स्मृति छात्रवृत्ति' को नामवाट उपलब्ध गराउने।

## परिच्छेद-तीन
## कोषको आर्थिक व्यवस्था र प्रकृया

९. **कोषको आर्थिक व्यवस्थाः** कोषमा देहाय वमोजिमका रकमहरु रहनेछन्।

क. छात्रवृत्तिका लागि गाउँपालिकाले प्रत्येक बर्ष छुट्याएको रकम।

ख. विद्यार्थीको हित र कल्याण गर्न तथा शैक्षिक सुधार गर्न बिभिन्न ब्यक्ति सङ्घ/सस्था एवम् दातावाट स्वेच्छाले प्राप्त भएको दान/ उपहार, सहयोग वापत प्राप्त भएको रकम।

ग. समितिको पहलवाट राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थावाट प्राप्त अनुदान, सहयोग, दान/दातव्य जस्ता वैध रुपमा प्राप्त भएका रकमहरु।

विदेशी संघ/संस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान प्राप्त हुने भएमा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिइनेछ।

**१०. छात्रवृत्ति उपलब्ध गराउने प्रकृया: कोषवाट छात्रवृत्ति उपलब्ध गराउने प्रकृया देहाय बमोजिम हुनेछ ।**

क. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक बर्ष छात्रवृत्ति प्राप्तिका लागि निवेदन दिन कम्तीमा १५ दिनको सार्वजनिक सूचना गर्नेछ ।

ख. सूचना बमोजिम प्राप्त निवेदनहरु संकलन गरी सचिवले समितिको बैठकमा पेश गर्नेछ ।

ग. समितिको बैठकले प्राप्त निवेदनहरु उपर आवश्यक छलफल गरी छात्रवृत्ति वितरणको निर्णय गर्नेछ ।

घ. निर्णय बमोजिम प्रत्येक वर्षको वैशाख ३० गते महानन्द सापकोटाको जन्मजयन्तीको अवसरमा छात्रवृत्ति वितरण गरिनेछ ।

यस कोषको रकमवाट यस कार्यविधिमा उल्लेखित विषयहरु अध्ययनरत विद्यार्थीहरु र हरेक वर्ष माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट जिपिए (GPA) प्राप्त गर्ने विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने वाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

## परिच्छेद-चार

## विविध

**११. विशेष सहयोग गर्न सक्ने:** रोङ गाउँपालिकामा स्थानीय मातृभाषाको संरक्षण र सम्वर्द्धन गर्न सहयोग तथा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई यसै कोषबाट आवश्यक्तानुसार पुरस्कृत एवं सहयोग समेत गर्न सकिनेछ ।

**१२. कार्यविधिमा संशोधन र खारेजी:** कार्यपालिकाका दुई तिहाइ सदस्यहरुको बहुमतले निर्णय गरेमा यस कार्यविधिको कुनै पनि दफा संशोधन वा खारेज हुन सक्नेछ ।

**१३. प्रचलित कानून अनुसार हुने:** यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ । यस कार्यविधिमा उल्लेखित कुनैपनि प्रावधान प्रचलित कानूनसँग बाझिन गएमा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले,
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत